
के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार ३१ गते आइतबार ❑ 16 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## मुटुरोग अस्पताल निर्माणको पहल भइरहेको छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशमा मुटुरोग अस्पताल निर्माणको पहल भइरहेको बताउनुभएको छ।

रोटरी क्लब अफ पोखरा अन्नपूर्णको १८औं पदस्थापन समारोहमा मुख्यमन्त्री पाण्डेले मुटु रोगका कारण धेरै नागरिकले ज्यान गुमाउनु परेकाले उनहिरूको समयमै उपचार गर्न सरकारले अस्पताल निर्माणको तयारी गरिरहेको




बताउनुभयो । सरकार एक्लैले अस्पताल निर्माण गर्न नसक्ने हुँदा दाताको खोजी भइरहेको उल्लेख गर्दै उहाँले यस कार्यमा विदेशीसँग जोडिएका रोटरियनको पनि सहयोग आवश्यक पर्ने बताउनुभयो ।

"गण्डकी प्रदेशको नीति तथा योजनामा प्रदेशमा मुटुरोग अस्पताल निर्माण गर्ने समावेश गरिएको छ। अस्पताल बनाउनका लागि आवश्यक पर्ने रकम प्रदेश सरकारसँग नहुँदा दाता खोजिरहेका छौं", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "भूकम्प, स्वास्थ्य, शिक्षा, र सीपमूलक कार्यमा सहयोग गर्दै आएको रोटरी क्लबको सहयोग आवश्यक छ।"

मुख्यमन्त्री पण्डेले सबै काम सरकारले गर्छ भन्ने भावना त्यागी समाजसेवा गर्दै

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## विधान विपरीत निर्णयले क्याम्पसमा आर्थिक संकट

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ३० असार

कुनै पनि संघसंस्थाको मुटु भनेको विधान हो । विधानलाई संघसंस्थाको कानुन पनि भनिन्छ। विधानलाई टेकेर हरेक निर्णय गरेमा कानुनी सफलता मिल्ने मात्रै होइन संघसंस्थाको पार्दशिता पनि हुने छ। विधानभन्दा बाहिर निर्णय गरेर संघसंस्था चलाउदा समस्या मात्रै होइन पार्दशितामा पनि प्रश्न उठ्न सक्छन्।

यस्तै प्रश्नको दलदलमा फसेको छ स्याङ्जाको वालिङ बहुमुखी क्याम्पस । क्याम्पस संचालक समितिले विधान विपरीत निर्णय गरेर संचालन गर्दा आर्थिक संकटको सामना गर्नुपरेको छ । त्यती मात्रै होइन गुणस्तरीय शिक्षामा समेत प्रश्न उठ्न थालेका छन् । क्याम्पस प्रमुख नियुक्ति, प्रध्यापक नियुक्ति, कर्मचारी नियुक्ति गर्दा विज्ञापन गरेर छनोट गर्नुपर्ने विधानमा उल्लेख छ। तर विधान विपरीत प्रध्यापक, कर्मचारी नियुक्ति गरेको देखिएको छ । नेपालकै जेठो सामुदायीक क्याम्पसको पहिचान बोकेको वालिङ बहुमुखी क्याम्पसले विधान भन्दा बाहिर गएर प्रध्यापक नियुक्ति, कर्मचारी नियुक्ति देखि संस्थाको आम्दानीको लेखाजोखा समेत नगरेर तलब बृद्धि गर्ने जस्ता निर्णयले करोडौ घाटा व्यहोर्न बाध्य भएको रहस्य बाहिर आउन थालेका छन् । भौतिक पुर्वाधार र विद्यार्थी संख्याको आधार हेर्दा क्याम्पस घाटामा जाने अवस्था देखिदैन । तर क्याम्पस संचालक समितिले सार्वजनिक गरेको वित्तिय विवरणले मासिक ७ लाख भन्दा माथी घाटा हुने गरेको तथ्याङ्क देखाएका छन्। क्याम्पस घाटामा गएसगै संचालक समितिले आर्थिक संकटकाल घोषणा गरेको दुईमहिना पुगेको छ । आर्थिक




संकटकालमोचनका लागि बनेको कार्यदलले २४ बुँदेलाई कार्यान्वयन गर्न सकेमा तत्कालका लागि क्याम्पसको समस्या हलहुने सुझाव पेश गरेको छ। कार्यादलले दिएको सुझाव प्रतिवेदनले प्रध्यापकको सेवासुविधा कटौतीलाई प्रथामितामा राखेको छ । झण्डै डेढमहिना लगाएर तयार पारिएको प्रतिवेदनमाथी दफावार सुझाव र छलफल लिएर कार्यन्वयन गर्ने वालिङ क्याम्पसको संचालक समितिको बैठकले निर्णय गरेको छ । क्याम्पस विगत बर्षदेखी नै घाटामा संचालन हुदै आएको क्याम्पसको आर्थिक तथ्याङ्कले देखाउछ । आर्थिक घाटा हुँदाहुदै पनि संचालक समिति र क्याम्पस प्रशासकले गहिरो अध्ययन र छलफल नगरिदिदा शैक्षिक धरोहरको रुपमा रहेको क्याम्पसले आर्थिक संकटको सामना खेप्न बाध्य भएको छ। क्याम्पसको विद्यान विपरीत संचालक समितिले निर्णय गर्ने, क्याम्पसको आर्थिक अवस्थाको बारेमा क्याम्पस प्रशासनले सहि सुचना प्रवाह नगर्ने, विद्यार्थी संख्या घट् दोरुपमा जानथालेपछि त्यसको लेखाजोखा नगर्ने र अनुदानबाट आउने रकमलाई समयमै फलोअप गर्न नसक्ने लगायत धेरै कारणहरुले गर्दा क्याम्पस आर्थिक धरासायी बन्ने बाटोमा लागेको तथ्याङ्कले देखाउछ । विद्यार्थी संख्याको आधारमा प्रध्यापक नियुक्ति गर्ने भन्दा पनि कार्यकर्ता भर्तिकेन्द्र बनाउने जस्ता निर्णयहरु गरेर क्याम्पसलाई आर्थिक व्यायभार थपेको देखिएको छ । संचालक समितिको भद्रगोल निर्णय र बिना अध्ययन नगरी क्युएए ल्याउने प्रयत्नले पनि क्याम्पसमा अर्को आर्थिक संकट थपिएको देखिन्छ । गुणस्तरीय शिक्षा दिनु क्याम्पसको दायीत्व भएपनि खुला प्रतिस्पर्धाबाट प्रध्यापक नियुक्ति भन्दा पनि आफु अनुकुल हुनेगरी प्रध्यापक नियुक्ति गरिएको छ । २०५७ सालदेखी क्याम्पस संचालक समितिले गरेका निर्णयहरु हेर्दा क्याम्पसको हितमा भन्दा पनि व्याक्तिको हितमा निर्णयहरु भएका देखिन्छन् । त्यसले के बुझाएको छ भने क्याम्पस संचालक समिति र क्याम्पस प्रशासन कति गैह्र जिम्मेवार रहेछन् भन्ने बुझिन्छ।

कार्यदलले शैक्षिक, भौतिक, आर्थिक लगायत क्याम्पसको सबै गतिविधि अध्ययन गरेर ल्याएको प्रतिवेदन कार्यन्वयन गर्नुपर्ने बिषयमा प्रध्यापक संघ र संचालक बिच विवाद बढ्न थालेको छ। प्रध्यापक, कर्मचारीको तलब र समय समायोजन गर्न सकेमा मात्रै अहिलेको संकट समाधान गर्न सकिने संचालक समितिका अध्यक्ष हुमकान्त कोइरालाले बताए । संकटमोचन गर्न बनाइएको कार्यदलले ल्याएको प्रतिवेदन कार्यन्वयनमा सबैले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखराका सामुदायिक विद्यालयमा प्राविधिक पढाइसँगै विद्यार्थीको आकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

पोखरा महानगरअन्तर्गतका सामुदायिक विद्यालयमा प्राविधिक विषयको पढाइ सञ्चालन गरेसँगै विद्यार्थीको आकर्षण बढेको छ।

शैक्षिक गुणस्तर कायम गर्दै विभिन्न विषयका प्राविधिक पढाइले उनीहरूको आकर्षण बढेको हो । पायक पर्ने स्थानमा रोजेको प्राविधिक विषयमा पठनपाठन हुन थालेपछि उनीहरू औधी खुसी भएका हुन् । साथै पछिल्लो समय सामुदायिक विद्यालयमा सञ्चालन गरिएका यस्ता पढाइ वरदान सावित भएका छन्। शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै प्राविधिक विषयको पढाइ सञ्चालन भएपछि सामुदायिक विद्यालयमा करिब सात प्रतिशत विद्यार्थी सङ्ख्यामा वृद्धि भएको पोखरा महानगरपालिका शिक्षा महाशाखाका प्रमुख सोमनाथ भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार महानगरमा नेपाल सरकारकोतर्फबाट शुक्रराज मावि पुम्दी भुम्दीमा भेटेरीनरी, महेन्द्र मावि भलाममा कृषि, बह्मरुपा मावि राजाकोचौतारोमा कम्प्युटर विज्ञान, जनप्रिय मावि सिमलचौरमा सिभिल इन्जिनियरिङ अम्बिका मावि सुइखेत हेम्जामा कम्प्युटर विज्ञान पढाइ भइरहेको छ । त्यसैगरी सिटिइभिटीअन्तर्गत जानकी मावि महतगौडामा वन विज्ञान, सरस्वतीटीका मावि सिभिल इन्जिनियरिङ र आनन्दज्योति मावि बेगनासमा कृषि विषयका पढाइ सञ्चालन गर्दै आएको उहाँको भनाई छ । "विद्यार्थी, शिक्षक र अभिवाकको त्रिकोणात्मक प्रयास एवम् सरोकारवाला निकायको प्रभावकारी अनुगमनले शैक्षिक गुणस्तरमा वृद्धि भएको छ", उहाँले भन्नुभयो, "महानगरअन्तर्गतका अमरसिंह, छोरेपाटन, जनचेतना, सीतलादेवीलगायतका दर्जनभन्दा बढी विद्यालयमा वार्षिकरुपमा भर्नादरमा अत्यधिक चाप बढेको छ।" सुविधा सम्पन्न भौतिक पूवाधार निर्माण भएर पनि सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्ने क्रम बढेपछि महानगरले प्राविधिक विषयमा पहल गर्दै आवश्यक भौतिक संरचना एवं प्रयोगशाला स्थापना सहयोग गर्दै आएको उहाँले रासससँग बताउनुभयो।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत महानगरका विभिन्न २१ विद्यालयमा पाँचदेखि ५० लाखसम्मका भौतिक संरचना निर्माण भइरहेको बताउँदै प्रमुख भण्डारीले भन्नुभयो, शैक्षिक क्षेत्रमा भएको सुधारका कारण संस्थागत विद्यालयबाट वार्षिक सङ्ख्यामा विद्यार्थी सामुदायिक विद्यालय भर्ना हुने गरेको तथ्याङ्कमा उल्लेख छ। ऐतिहासिक एवं धार्मिक क्षेत्र ढुङ्गेसाँघु (महतगौडा) जानकी माध्यमिक विद्यालयमा तीन वर्षे वन विज्ञानको पढाइ सञ्चालन गरिएको छ । गण्डकी बहुप्राविधिक शिक्षालयको सहकार्य र सिटिइभिटीको अनुमतिमा गत वर्षदेखि उक्त पढाइका कक्षा सञ्चालन गरिएको हो । उक्त विषयमा पढाइ सञ्चालन गर्ने जिल्लाकै पहिलो जानकी माविमा हाल १६ विद्यार्थी अध्ययन र आठ शिक्षक शिक्षिका अध्यापनरत रहेको वन विज्ञान संयोजक शङ्कर भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यालयको नयाँ भवनमा सञ्चालन गरिएको प्रभावकारी र गुणस्तर बनाउनका लागि पोखरा महानगरपालिकाको रु २२ लाख ५० हजारको आर्थिक सहयोगमा प्रयोगशाला स्थापना गरि सञ्चालनमा आएको छ।

## जनभावना बुझी काम गर्नुपर्ने उद्योगमन्त्री थापाको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

उद्योग, पर्यटन, वन तथा बातावरणमन्त्री दिपेन्द्र बहादुर थापाले कर्मचारीहरुले जनताको चाहाना र मनोभावना बुझेर काम गरेमा मात्र नागरिकले सरकारका सकरात्मक कामप्रति अनुभुति गर्न सकिने बताउनुभयो।

नेपाल निजामती कर्मचारी युनियन कास्कीले माछापुच्छे गाउँपालिका अस्थामका आयोजित बार्षिक प्रगति समक्षिा एवं अन्तरक्रियाको शनिबार उद्घाटन गर्नुहुदै सो कुरा बताउनुभएको हो । उहाँले कर्मचारी प्रशासन भनेको मुलुकको स्थायी सरकार रहेकाले सुशासन, पारदर्शिता र जनमुखी कार्यको लागि पहिलो आधार रहेको बताउनुभयो । मन्त्री थापाले जनताका काम गर्न कानुनका छिद्र खोज्ने र रस्व, दिर्घ हेरेर मात्र होइन्, कानुनलाई व्यवहारिक रुपमा हेरेर पनि कर्मचारीले जनतालाई सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले राम्रो काम गर्ने कर्मचारीलाई प्रदेश सरकारले उच्च मुल्याङ्कन गर्ने बताउँदै सरुवा-बढुवामा पनि न्याय हुने उल्लेख गर्नुभयो। मन्त्री थापाले कर्मचारी एउटा मोटरको इन्जिन हो भने सरकार चालक



हो, चालकलाई सफल बनाउने वा असफल बनाउने भन्ने इन्जिनको भुमिका रहे जस्तै सरकार सफल बनाउन कर्मचारीको योगदान उल्लेखनिय रहने स्पष्ट पार्नुभयो।

गण्डकी प्रदेश सरकारले वन ऐन ल्याउन नसक्दा बिकास निर्माणमा पार्ने प्रभावदेखि लिएर विदेशी काठको आयातले ठूलो धनराशी बाहिरिएकाले यसै सदनमा वन ऐन ल्याउन तयारी गरिरहेको खुलासा समेत मन्त्री थापाले गर्नुभयो । यसैगरी गण्डकी प्रदेशका सांसद प्रकाश बरालले सरकारले गर्ने सेवाप्रवाहको माध्यम नै कर्मचारी रहेकोले सरकारका नितिकार्यक्रम प्रभावकारी ढंगले अगाडी बढ्ने बताउनुभयो । कार्यक्रममा नेपाल सरकारका पूर्व सचिव एवं प्रशासनिक विज्ञ बाबुराम आचार्यले सरकारले कर्मचारीको मनोबल उच्च बनाइ सँगसँगै लान सकेमात्र सरकारले लिएको लक्ष्य पूरा हुन सक्ने बताउनुभयो । नेपाली काँग्रेस गण्डकी प्रदेशका प्रचार विभाग प्रमुख रमेश पौडेलले राजनितिक अस्थिरताले कर्मचारीतन्त्रमा पनि अस्थिरताको वातावरण निम्त्याउने बताउनुभयो। त्यसैगरी नेपाल निजामती कर्मचारी युनियनका पूर्व केन्द्रिय वरिष्ठ उपाध्यक्ष सुरेन्द्र अधिकारीले कर्मचारीको हकहितका लागि युनियनका गतिविधि आवश्यक रहेको बताउँदै संघिय निजामति ऐन समयमा आउन नसक्दा कर्मचारी मात्र नभए मुलुकको बिकास प्रक्रिया पनि पछाडि परेको बताउनुभयो । उहाँले सो अवसरमा सम्मान समेत गरिएको थियो। नेपाल निजामती कर्मचारी युनियन कास्कीका अध्यक्ष सुरेश कुमार श्रेष्ठले युनियन कर्मचारीका हकहितका लागि मात्र नभई सार्वजानिक प्रशासनलाई चुस्तदुरुस्त बनाई छिटो छरितो सेवा प्रवाह गरी सरकारको सहयोगीको रुपमा रहेको बताउनुभयो । नेपाली काँग्रेस कास्की उपाध्यक्ष युवराज कुवरले प्रदेश सरकारले जनताको भावना अनुरुप बजेट ल्याउन नसकेको बताउँदै पार्टी सँग समन्वय गरेर काम गर्न आग्रह गर्नुभयो । त्यसैगरी नेपाल निजामती कर्मचारी युनियनका केन्द्रिय उपाध्यक्ष पुरन गुरुङ, युनियन गण्डकी प्रदेशका अध्यक्ष दिपक रेग्मी, नेपाली काँग्रेस पार्टी कास्कीका सहसचिव नविन सिग्देल, उर्जा मन्त्रालयका उपसचिव माधव मरासिनी, कर्मचारी युनियन कास्कीका उपाध्यक्ष केदार सापकोटा, सचिव सुमन शर्मा लगायतले कर्मचारीका हकहितका बारेमा बोल्नुभएको थियो।

नौ जिल्लाका अध्यक्ष एवं पदाधिकारीको सहभागिता रहेको सो कार्यक्रममा विभिन्न कार्यालयमा सरुवा भएका कर्मचारीहरुलाई स्वागत गरिएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'बुक फ्रि फ्राइडे' अभियान अन्नपूर्ण गाउँपालिकामा पनि चलाउन स्थानीयको माग

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

'बुक फ्रि फ्राइडे' अभियान अन्नपूर्ण गाउँपालिकामा पनि चलाउन स्थानीयले माग गरेका छन् । कास्कीको अन्नपूर्ण गाउँपालिका ३ का ध्रुव पौडेलले शुक्रबार आयोजित सार्वजनिक सुनुवाईमा बोल्दै हप्तामा एकदिन जीवनउपयोगी शिक्षा सिकाउने व्यवस्था गर्न गाउँपालिकासँग माग गरे । 'काठमाडौंमा शुक्रबार विद्यार्थी किताब निलई विद्यालय जान्छन् । पाठ्यपुस्तकभन्दा बाहिरका कुरा सिक्छन्,' पौडेलले भने, 'हाम्रा विद्यालयमा पनि त्यसरी नै एकदिन जीवनउपयोगी शिक्षा सिकाउन पाए राम्रो हुन्थ्यो ।'



जवाफमा गाउँपालिकाले आफूहरु विद्यार्थीलाई खेती सिकाउने योजना रहेको बतायो । जवाफमा गाउँपालिकाका शिक्षा शाखा प्रमुख बलराम भुगाइँले आफूहरु पनि हप्तामा एकदिन विद्यार्थीलाई मौसमअनुसारको खेती गर्न सिकाउने योजनामा रहेको सुनाए । 'हामीकहाँ ५७ वटा विद्यालय छन् । सबैमा सुरुमा नसकिएला, २/३ वटा विद्यालयका कक्षा ६ देखि ९ सम्मका विद्यार्थीलाई मौसमी खेती सिकाउने योजना छ,' भुगाइँले भने, 'असारमा धान लगाउन, त्यसपछि गहुँ, कोदो लगाउन अनि मौसमी तरकारी पनि खेतमै लगेर लगाउन सिकाउँछौं ।' अन्नपूर्ण-२ का हरिराम भण्डारीले पशुमा लम्पी स्किन रोग देखिएकाले त्यसले भयावह स्थिति लिन नसक्ने गरी योजना ल्याउन गाउँपालिकालाई आग्रह गरे । गाउँपालिकामा मौज्दात औषधि पनि नभएको जानकारी पाएकाले त्यो समस्या समाधान गर्न उनले ध्यानाकर्षण गराए । 'मान्छेमा कोरोना देखिएजस्तै पशुमा लम्पी स्किन रोग भयावह देखिएको छ । यसमा गाउँपालिकाभरको अनुगमन एकैपटक गर्न नसकिएला । तर, त्यसको जोखिमलाई ध्यानमा राखेर औषधि तयार राख्नपर्‍यो,' उनले भने । जवाफमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटाले आफूहरुले बिहीबार कार्यपालिका बैठकबाटै लम्पी स्किन नियन्त्रणका लागि सबै पहल गर्न सम्बन्धित शाखालाई जिम्मा दिने निर्णय गरेको जानकारी दिए । 'रोग फैलन नदिन के गर्न सकिन्छ ? के-के औषधि चाहिन्छ, के गर्नुपर्छ सबै गर्न भनेर पशु शाखालाई भनेका छौं,' उनले सुनाए । अन्नपूर्ण ११ का जमान गुरुङले आफूले चार वर्षअघि स्वास्थ्य चौकी बनाएबापतको पैसा अहिलेसम्म नपाएको बताए । गाउँपालिकाबाट उपभोक्ता समितिलाई पैसा गएको भनिए पनि आफूले त्यो नपाएको उनको भनाइ थियो । 'पुरै पैसा पाएकै छैन । उपभोक्ता समितिले हामीले हार्डवेयरमा तिर्दियौं भन्छ । त्यहाँ तिर्ने त मेरो काम हो नि,' ठेकेदार गुरुङले सुनाए । उनले छानबिन गर्न माग गर्दै शुक्रबार नै न्यायिक समितिमा निवेदन दिएका छन् । न्यायिक समिति संयोजकसमेत रहेकी गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारीले आफूहरुले दुवै पक्षलाई बोलाएर सत्य पत्ता लगाउने बताइन् । अन्नपूर्णको चालु आर्थिक वर्ष २०७९-०८० को ७३ करोड ३४ लाख रुपैयाँको बजेटमध्ये ५८ करोड खर्च ९ लाख रुपैयाँ अर्थात् ७९.२१ प्रतिशत भएको छ । चालु आर्थिक वर्षको प्रतिवेदन सार्वजनक गर्दै प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटाले चालुतर्फ विनियोजित ४४ करोड ७३ लाख रुपैयाँमध्ये ३७ करोड ६६ लाख रुपैयाँ अर्थात् ८२.२ प्रतिशत र पुँजीगततर्फ विनियोजित २८ करोड ६० लाख रुपैयाँमध्ये २० करोड ४३ लाख अर्थात् ७१.७२ प्रतिशत खर्च भएको जानकारी दिए । आगामी आर्थिक वर्ष २०८०-०८१ का लागि गाउँपालिकाले ५८ करोड ७८ लाख रुपैयाँको बजेट ल्याएको छ । विगत वर्षको एक करोड ५६ लाख रुपैयाँ बेरुजु चालु आर्थिक वर्षमा लेखापरीक्षण गर्ने क्रममा सम्परीक्षण गरेर फछ्र्यौट गरिएको देवकोटाले बताए ।

उनकाअनुसार स्वास्थ्यतर्फ गाउँपालिकाले ल्याएको ५० प्रतिशत अनुदानमा बिमा गर्ने कार्यक्रमबाट १ हजार ६७४ जना लाभान्वित भएका छन् । त्यसमध्ये ५६ जना विपन्न परिवारलाई शत प्रतिशत अनुदान उपलब्ध गराइएको छ । चालु आर्थिक वर्षमा १ हजार १७४ जना पशु पालकलाई औषधि वितरण गरिएको र त्यसबाट ४ हजार ३२५ पशु लाभान्वित भएको प्रतिवेदनमा उल्लेख छ । अन्नपूर्णका अध्यक्ष विष्णुबहादुर केसीले आफूले अहिलेसम्म कसैले राजनीतिक आस्थाको हिसाबले निर्णय गरेको भनेर प्रश्न उठ्ने गरी काम नगरेको दाबी गरे । 'मेरो नेतृत्वकोको टिम आएको एक वर्ष भयो तर आजसम्म राजनीतिक पूर्वाग्रह राखेर निर्णय गरेको छैन,' शुक्रबारको सार्वजनिक सुनुवाईमा उनले थपे, 'आफूलाई मन नपर्ने निर्णय भएपछि अनेक भन्नु त मानवीय चरित्र नै हो । तर, कुनै ठाउँमा राजनीतिक आस्थामा रहेर निर्णय गरेको भए त्यो मान्छेले प्रमाणसहित गाउँपालिका आए बल्ल स्वीकार्छु ।'

विपद् व्यवस्थापनका सामान त्रिपाल बाँड्ने विषयमा उठेका प्रश्नमा आफ्नो ध्यानाकर्षण भएको उनले बताए । त्यहाँ प्रक्रियागत त्रुटि रहेको स्वीकार्दै उनले आगामी वर्षदेखि वडाबाट सिफारिस हुँदै कडाइ गर्ने अध्यक्ष केसीले सुनाए । 'सहयोग भनेको जसले केही गर्न सक्दैन उसलाई दिने हो । तर, यहाँ माग्न आउनेकहाँ हेर्न जाँदा दिनैपर्ने खालको अवस्था हुँदैन,' उनले थपे, 'सिफारिस नदिए वडाध्यक्षलाई पनि ठूलो पल्टियो भन्ने हुन्छ । तर, अब अतिविपन्न जो हो त्यो पहिचान गरेर बल्ल दिने व्यवस्था गर्छौं ।' वडा नम्बर १, २ र ३ मा गाउँपालिकाबाट सामान लिएर घरमा लगेर थन्क्याउने अवस्था आफूहरुले अनुगमन गर्दा देखेको उनको भनाइ थियो ।

# काहुँखोला तीन अम्चुरे टोल बिकास संस्थाको साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

काहुँखोला तीन अम्चुरे टोल बिकास संस्था पोखरा-१३ को ११ औ साधारण सभा एवं बिबिध सम्मान कार्यक्रम संस्थाका अध्यक्ष ईन्द्र बहादुर कुंवरको सभापतित्वमा भएको थियो ।



कार्यक्रममा टोलबाट ८० वर्ष पुगेका जेस्ठ नागरिकहरु सम्मान कक्षा १२ उत्तीर्ण गरेका बिधार्थीहरु सम्मान पुर्व अध्यक्ष सम्मान नव प्रबेश टोल बासी सम्मान जस्ता कार्यक्रम भएका थिए । कार्यक्रमको उद्घाटन वडा सदस्य बल बहादुर बरालले गर्नुभएको थियो ।

विशेष अतिथिमा उद्गम टोलविकास संस्थाका अध्यक्ष हर्क बहादुर गुरुङ, कामना टोलविकास संस्थाका अध्यक्ष शेर जंग गुरुङ रहनुभएको थियो ।

कार्यक्रममा पूर्व अध्यक्ष रमा कार्की, महिला संयोजक लक्ष्मी केसी, सल्लहकार गोबिन्द प्रसाद आचार्य, गणेश आचार्य, रमेश कुमार झा, हर्क बहादुर गुरुङ, शेर जंग गुरुङले मन्तव्य राख्नुभएको कार्यक्रमको संचालन सचिव पुरुषोत्तम सापकोटाले गर्नुभएको र स्वगत स-सचिव बिमला बरालले गर्नुभएको थियो ।

# भानु जयन्तीका अवसरमा भानुभक्तीय रामायण वाचन प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

२१० औं भानु जयन्तीका अवसरमा आदिकवि भानुभक्त क्याम्पस, व्यास-१ तनहुँको आयोजनामा भानुभक्तीय रामायण वाचन प्रतियोगिता सम्पन्न भएको छ ।



प्रतियोगिताका लागि कास्की र तनहुँबाट विभिन्न विद्यालयका २९ जना विद्यार्थीहरू सहभागी भएका थिए । प्रतियोगितामा आदिकवि भानुभक्त माध्यमिक विद्यालय, तनहुँका छात्रा नमुना पन्थी प्रथम, बालमन्दिर माध्यमिक विद्यालय, तनहुँका छात्राद्वय रोशा रसायली र अनिषा घर्ती द्वितीय र गोगन माध्यमिक विद्यालय कास्कीकी छात्रा सुजाता पौडेल तृतीय भएका छन् ।

प्रतियोगितामा महर्षि बेदब्यास मावि तनहुँका श्रेयन आचार्य र शिव मावि तनहुँकी सुनयना पौडेलले सान्त्वना स्थान प्राप्त गरेका छन् । प्रतियोगितामा प्रोत्साहन पुरस्कार स्वाधिनता पौडेललाई प्रदान गरियो । प्रतियोगिताका विजयी विद्यार्थीलाई आदिकवि भानुभक्त क्याम्पसका सञ्चालक समितिका अध्यक्ष बुद्धिमान श्रेष्ठ, क्याम्पस प्रमुख महाप्रसाद हड्खले, नेपाली विभागका प्रमुख विजयराज खनालले संयुक्त रुपमा पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । कार्यक्रममा क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले आदिकवि भानुभक्त आचार्यले नेपाली भाषाका क्षेत्रमा अतुलनीय योगदान पुर्‍याएको बताउँदै उहाँको योगदान चीरकाल पर्यन्त जीवन्त रहने बताउनुभयो । क्याम्पस सञ्चालक समितिका अध्यक्ष बुद्धिमान श्रेष्ठ, नेपाली विभाग प्रमुख विजयराज खनाल लगायतले यस किसिमका प्रतियोगिताले भानुभक्तको योगदानको स्मरणसँगै साहित्यिक गतिविधि जगेर्ना गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

# विधान

सहयोग गरिदिनुपर्ने भनाई अध्यक्ष कोइरालाको छ । कार्यदलको प्रतिवेदनलाई समेत सार्वजनिक नगरी, यहाँका स्थानीय राजनीतिकदल सगँ परामर्श नगरी संचालक समितिको बैठकले निर्णय गरेपछि क्याम्पस विवादमा तानिने संकेत देखिएको छ । वालिङ बहुमुखी क्याम्पस प्रध्यापक संघ इकाईका अध्यक्ष यामबहादुर कुँवरले कार्यदलले पेश गरेको प्रतिवेदनमा असहमति भएको जनाएका छन् । संचालक समितिको बैठकमा प्रध्यापक संघबाट अध्यक्षले प्रतिनिधित्व गर्ने व्यवस्था भएअनुसार कुँवरले बैठकमा कार्यदलले ल्याएको यो प्रतिवेदन नसच्चिएमा लागु हुन नसक्ने चेतावनी दिएको बताएका छन् । यो प्रतिवेदन पुर्वग्राही तवरबाट आएको छ उनले भने,'श्रमजिवी माथी तानाशाही शैलीमा आक्रमण गर्न खोजिएको छ ।' त्यसैले यो लागु हुदैन र हुन दिदैनौं उनले भने ।

पहिला त यो कार्यदल पुर्वाग्राही तवरले बनेको छ । कसलाई के गर्ने भन्ने तवरबाट कार्यदलले प्रतिवेदन तयार गरेको छ । अबलम्वन गर्नुपर्ने विधि र प्रक्रिया समेत यो कार्यदलले अपनाएको छैन त्यसैले श्रमजिवीहरु माथी लक्षित गरी बनाइएको प्रतिवेदन प्रध्यापकहरुलाई मान्य छैन कुँवरले भने । स्वतन्त्र विद्यार्थी युनियनलेले पनि सबै प्रध्यापकको नियुक्त छानविन गर्नुपर्ने माग अगाडी सारेको छ । विद्यार्थी र प्रध्यापकलाई समन्वयनै नगरी संचालक समिति अगाडी बढ्दा क्याम्पस झन समस्यामा पर्ने देखिएको छ ।

# मुटुरोग

देशलाई समृद्धितर्फ अगाडि बढाउन निजी क्षेत्रका साथै विभिन्न सङ्घसंस्थाको संयुक्त प्रयास आवश्यक भएको बताउनुभयो । "सञ्चार र प्रविधिमा हामी धेरै अगाडि बढ्यौं तर विकास र समृद्धिमा त्यति प्रगति हुन सकेको छैन", उहाँले भन्नुभयो, "नकरात्मक त्यागेर सकारात्मक सोच लिएर अगाडि बढ्न जरुरी छ ।" युवा शक्तिलाई विदेश जान रोक्नका लागि स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गर्नुपर्ने उहाँको भनाइ थियो ।

रोटरी क्लबका संस्थापक अध्यक्ष एवं राजनीतिज्ञ देवराज चालिसेले मुलुकमा अफ्ठयारो परेको बेला क्लबले मानवीय सहयोग गर्दै आएको जिकिर गर्दै गण्डकी प्रदेश सरकारसँग हातेमालो गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले क्लबले शिक्षा, स्वास्थ्य, भूकम्प, बाढीपहिरामा परेका व्यक्तिलाई सहयोग गरिरहेको उल्लेख गर्दै मुटुरोग अस्पताल निर्माणका लागि पनि आवश्यक सहयोग गर्ने आश्वासन दिनुभयो ।

कार्यक्रममा विद्यार्थी पविता नेपालीलाई आर्थिक सहयोग गर्नाका साथै क्लबमा योगदान गर्ने विभिन्न व्यक्तिलाई सम्मान गरिएको क्लबका अध्यक्ष तोयाबहादुर भट्टराईले जानकारी दिनुभयो ।

# 'पोखरा अन्तर्राष्ट्रिय म्याराथन'को मुख्य संयोजकमा गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

नेपालको चर्चित र जेठो म्याराथन 'पोखरा अन्तर्राष्ट्रिय म्याराथन'को मुख्य संयोजकमा दिल बहादुर गुरुङ मनोनयन भएका छन् ।

नेपाली अग्रज खेलाडीहरुको छाता संस्थाले आयोजना गर्ने पोखरा अन्तर र्राष्ट्रिय म्याराथन १८ औं संस्करणको पोखरा म्याराथन आगामी २०८० फागुन ५ गते हुने छ । मञ्चको शनिबार पोखरामा सम्पन्न बैठकले ' पोखरा अन्तर्राष्ट्रिय म्याराथन'को मुख्य संयोजकमा गुरुङलाई मनोनयन गरेको हो ।

पोखराम्याराथनलेपोखरालाई खेलकुदको माध्यमबाट अन्तर र्राष्ट्रियरुपमा पहिचान गराउने संगै पोखरालाई खेलकुद पर्यटनको हवको रुपमा विकास गर्न महत्वपर्ण भूमिका खेल्दै आएको बताउँदै मञ्चका महासचिव कृष्ण तिमिल्सिनाले मञ्चका प्रथम उपाध्यक्ष गुरुङलाई बैठकले मुख्य संयोजकमा मनोनयन गरेको जानकारी दिए ।


१८ औं पोखरा अन्तर्राष्ट्रिय म्याराथनमा मुख्य संयोजक मनोनयन भएका प्रथम उपाध्यक्ष गुरुङ प्रदेश खेलकुद परिषद गण्डकीका कार्यकारी सदस्य समेत हुन् । बैठकले मञ्चको पहलमा सञ्चालन गर्न लागेको एथलेटिक्स एकेडेमी बारे वृहद् छलफल गरेको र महासचिव तिमिल्सिनाको संयोजकत्वमा एकेडेमीको कार्यविधि तयार गर्न कार्यदल गठन समेत गरेको छ ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
- » शरिरको एक हर नचल्ने ।
- » मुख बाङ्गो भएको ।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- » हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# मिटरब्याज विरुद्धको विधेयक ल्याऊ

सत्ता गठबन्धनका दलहरूबीच मिटरब्याज सम्बन्धी विधेयकमा सहमति जुट्न सकेको छैन । मधेस केन्द्रीत दल जसपा,जनमतले मिटरव्याज सम्बन्धी विधेयक जस्ताको तस्तै पारित हुन नदिने अडान राखेको समाचार सार्वजनिक भइसकेको छानेकपा एमाले लगायतका प्रतिपक्षी दलले सदन अबरुद्ध गर्दा सत्तारुढ दलका नेताहरूले एमालेलाई मिटर व्याज सम्बन्धि विधेयक पास गर्न नदिएको आरोप लागेको थियौ । सदन खुलेको बेला सरकारले विधेयक नल्याउनु द्वैध चरित्र हो ।सदनमा मिटर व्याज सम्बन्धी विधेयक ल्याउन दबाब दिएको थियो । प्रतिपक्षी दललाई दोष थोपरेर विधेयक नल्याउनेहरु बढी जिम्मेवार हुनुपर्छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले मिटर ब्याज सम्बन्धी नयाँ विधेयक अविलम्ब चाँडो संसद्मा ल्याउन सरकारसँग माग गरेको छ ।

शनिबार पार्टीको सचिवालय बसेको केन्द्रीय सचिवालय बैठकले एक समसामयिक प्रस्ताव पारित गर्दै 'आफूले काँक्रो चोरेर बियाँ अरूको गालामा टाँसिदिने' छलकपट सरकारले गरेको आरोप लगाएको छ । 'आफूले काँक्रो चोरेर बियाँ अरूको गालामा टाँसिदिने' भनाइ जस्तै सरकारको क्रियाकलापले देखाएका छन । सरकारको यस छलकपट र द्वैध भूमिकाको पार्टी भर्त्सना गर्दछ,' पारित भएको प्रस्तावमा भनिएको छ, 'सरकारकै कारण प्रतिस्थापन विधेयक निष्क्रिय भइसकेको परिप्रेक्ष्यमा अविलम्ब नयाँ विधेयक ल्याउन पार्टी सरकारको ध्यानाकर्षण गराउँछ ।' सचिवालय बैठकले पारित गरेको प्रस्तावमा उल्लेख गरिएको छ ।

मालेले सत्ता गठबन्धनका तर्फबाट यस विधेयकका बारेमा भइरहेका अभिव्यक्ति र सम्प्रेषित समाचार हरूप्रति पार्टीको ध्यानाकर्षण भएको जनाएको छ । अध्यादेशलाई प्रतिस्थापन गर्न सरकार आफैले निकै ढिलो गरी प्रतिस्थापन विधेयक राष्ट्रियसभामा प्रस्तुत गरेको एमालेले जनाएको छ । 'सरकार आफैंले विधेयक प्रस्तुत गर्न ढिलाइ गर्ने, सदन सञ्चालन गर्न आवश्यक पहल नगर्ने, विधेयकबारे सत्ता घटकभित्रै गंभीर विवाद रहेको र यिनै कारण विधेयकमाथि प्रतिनिधिसभामा छलफल हुन नसकेको यथार्थलाई ढाकछोप गर्दै नेकपा (एमाले)लाई दोषारोपण गर्ने सरकारको नियत आपत्तिजनक छ,' एमालेले भनेको छ । विपक्षीको समर्थन पाउन सकिने अवस्था हुँदाहुँदै विधेयक ल्याएर फास्ट ट्र्याकबाट पारित गर्न तत्परता देखाउनुपर्छ ।

विपक्षीलाई आरोप लगाउन, मिटरव्याज पीडितको धर्नामा बसेर बोल्न जति सजिलो छ त्यति सजिलो प्रकृया पुऱ्याएर विधेयक ल्याउन छैन । जथाभावी बोल्दै हिड्ने मन्त्री र सत्तारूढ दलका सांसदहरूको कारण दोष आफैतिर फर्केको छ । सत्तामा रहेका सबैलाई रिझाउन खोज्दा पीडितले न्याय नपाउने अवस्था आउन दिनु हुँदैन । सत्ता भन्दा ठूलो पीडितको पक्षमा कानुन बनाउनु र न्याय दिलाउनु हो ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पुरुषको शव फेला

पोखरापत्र संवाददाता
ढोरपाटन, ३० असार

बागलुङमा एक पुरुषको शव फेला परेको छ ।

गलकोट नगरपालिका-५ भैंसेस्थित खरबारीमा ताराखोला गाउँपालिका-५ सानो हिलेका ४० वर्षीय झलिराम पुन मगरको शव फेला परेको इलाका प्रहरी कार्यालय गलकोटले जनाएको छ । प्रहरीका अनुसार आइतबार बिहान ८ बजे खरबारीको बाटो नजिकै स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । मृतक पुन श्रीमतीसँगै गलकोट नगरपालिका-३ हटियामा डेरा गरी बस्दै आउनुभएको थियो ।

पुन मगरले मदिरा सेवन गरेर भिरबाट लडेको हुन सक्ने आशङ्का गरिएको गलकोट नगरपालिका-५ का वडाअध्यक्ष पवन हमालले बताउनुभयो ।

प्रहरी र स्थानीयको रोहवरमा शवपरीक्षणका लागि गलकोट नगर अस्पतालमा लगिएको अध्यक्ष हमालले जानकारी दिनुभयो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पौडी खेल्ने क्रममा डुबेर बालकको ज्यान गयो

पोखरापत्र संवाददाता
गोरखा, ३० असार

गोरखाको आरुघाट गाउँपालिका-२छापठोट्नेरीस्थित सुकुन्द्र खोलामा पौडी खेल्ने क्रममा एक बालकको ज्यान गएको छ ।

धार्चे गाउँपालिका-२ केरौजा घर भएका १५ वर्षीय कविन्स गुरुङको पौडी खेल्ने क्रममा डुबेर ज्यान गएको जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डिएसपी) रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

मान्बुस्थित श्री भवानी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत बालक गुरुङ विद्यालयको होस्टल बसेर पढ्दै आएका थिए । होस्टलमा बस्दै आएका अर्का एक जना साथीसँगै खोलामा पौडी खेल्ने क्रममा डुबेर बालकको ज्यान गएको उहाँले बताउनुभयो ।

पौडी खेल्ने क्रममा डुबेका उनलाई उद्धार गरेर आरुघाटमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र आरुचनौटेमा उपचार गर्न पुऱ्याएको र उपचारका क्रममा नै बालकको मृत्यु भएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले जानकारी दिनुभयो । उनीसँगै पौडी खेल्न गएका अर्का बालक भने सकुशल होस्टलमा फर्किएको प्रहरीको भनाइ छ । बालक बिहीबार दिउँसो खोलामा पौडी खेल्ने क्रममा डुबेको प्रहरीको भनाइ छ ।

# पाटनमा चट्याङबाट ५० भेडाबाख्रा मरे

रासस
जुम्ला, ३० असार

जुम्लाको पातारासी गाउँपालिका-२ स्थित दुगाडा पाटनमा चट्याङ लागेर ५० भेडाबाख्रा मरेका छन् ।

यही असार २८ गते दिउँसो २ बजेतिर परेको चट्याङले ती भेडाबाख्रा मरेका छन् भने ७० हराएको पातारासी गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले जानकारी दिनुभयो । चट्याङले ४२ बाख्रा र आठ भेडा मरेको पातारासी गाउँपालिका भेटेरीनरी शाखाका प्रमुख गगन केसीले बताउनुभयो । सो गाउँपालिकाका स्थानीयवासी कृष्ण ऐडी, र मिमबहादुर बोहोराका भेडाबाख्रा चट्याङबाट मरेका हुन् ।

पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाका अनुसार जिल्लाकै सबैभन्दा बढी भेडापालन हुने ठाउँ पातार ासी हो । पाटन र खर्कमा व्यवस्थित भेडीगोठ नहुँदा हरेक वर्ष चट्याङबाट भेडाबाख्रामा ठूलो क्षति गर्ने गरेको कार्यालयले जनाएको छ । भेडाबाख्रा चट्याङबाट मरेपछि घर खर्च लगाउनमा समस्या भएको उनीहरूले बताउनुभयो । उहाँले भन्नुभयो किसान बोहोराले भन्नुभयो "यहीँ पेशाबाट आम्दानीको माध्यम बनेको थियो । घर खर्चदेखि बच्चाको पढाइ खर्च सहजरुपले धानेको थियो ।" स्थानीय सरकारले राहतको लागि माथिल्लो सरकारी निकायमा पहल गरिदिन अनुरोध गरेको भेडापालक किसान ऐडीले बताउनुभयो । उहाँले भन्नुभयो, "चट्याङबाट भेडा मरेको जानकारी गराएका छौँ । राहत र क्षतिपूर्तिका लागि सम्बन्धित निकायलाई सहयोगको अपिलसमेत गरेका छौँ ।" स्थानीय सरकारबाट हुने सहयोग गरिने पातारासी गाउँपालिकाका उपाध्यक्ष जनमाया रोकायाले जानकारी दिनुभयो ।

# सोमबारदेखि बढी पानी पर्ने सम्भावना

रासस
काठमाडौँ, ३० असार

हाल देशमा मानसुनी वायुको प्रभाव रहनुका साथै मनसुनको न्यून चापीय रेखा सरदर स्थानको आसपास अवस्थित रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

जसका कारण हाल देशभर आंशिकदेखि सामान्य बदली रही, कोशी, बागमती र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षा भइरहेको महाशाखाले उल्लेख गरेको छ । महाशाखाका मौसमविद् सञ्जीव अधिकारीका अनुसार तुलनात्मकरूपमा आगामी साउन १ गते सोमबार र मङ्गलबार बढी मनसुनी वर्षा हुनेछ । पछिल्ला दिनमा निरन्तर वर्षा भइहे पनि आजबाट केही मात्रामा कम वर्षा भएको छ । आज राति पनि भारी वर्षाको सम्भावना छैन । आइतबार दिउँसो मधेस प्रदेशका थोरै र बाँकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको समेत सम्भावना छ ।

महाशाखाको पछिल्लो विवरणअनुसार सबैभन्दा बढी पोखरामा एक सय ५५ मिलीमिटर वर्षा मापन गरिएको छ । लुम्लेमा एक सय ३४ मिलीमिटर वर्षा भएको छ । त्यसैगरी ओखलढुङ्गामा ७२, जिरीमा ४२, भैरहवामा ३७, धनगढीमा ३२ र काठमाडौँमा ३४ मिलीमिटर वर्षा मापन गरिएको छ ।



पानीको जोहोः
रानीवनमा रहेको तीते पानीबाट पानी बोकेर पोखराको डेमसाइडर रानीवन जोड्ने फुस्रेखोलाको जीर्ण झोलुङ्गेपुल पार गर्दै सर्वसाधारण । तस्विरः हरिप्रसाद बास्तोला/रासस

# बालबालिकालाई पालन गर्ने समाजसेवी अमरसिंह

पोखरापत्र संवाददाता
दमौली, ३० असार

तनहुँको भानु नगरपालिका-७ चन्दनीस्थित चण्डिका बालगृहमा २७ विपन्न बालबालिका छन् । गरिबीको रेखामुनी रहेका र विभिन्न समस्यामा परेका ती बालबालिकाले यहाँ आश्रय पाएका छन् ।

उक्त बालगृहमा दश वर्षदेखि विभिन्न ठाउँका बालबालिकाले आश्रय पाएका छन् । बालगृहको मासिक खर्च रु ७५ हजारभन्दा बढी छ । सरकारी निकाय वा सङ्घसंस्थाले यो बालगृह सञ्चालन गरेको होइन । स्थानीय समाजसेवी ८५ वर्षीय गुरुङले यो बालगृह सञ्चालन गरिरहनुभएको छ । मासिकरुपमा आउने खर्चको व्यवस्थापन पनि स्वयं गुरुङले नै गर्दै आउनुभएको छ । चण्डिका आधारभूत विद्यालयका पूर्वविद्यालय व्यवस्थापन समितिका अध्यक्ष रहनुभएका गुरुङले विपन्न बालबालिकालाई आश्रय दिन पाउँदा खुसी लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "मलाई सामाजिक काम गर्न पहिलेदेखि रुची हो । गरिबीको रेखामुनि रहेका बालबालिकालाई पालनपोषण गरिरहेको छु । मलाई आत्मसन्तुष्टि छ ।" अपाङ्गता भएका बालबालिकालाई पनि बालगृहमा राख्न प्रयास गरिए पनि केही प्राविधिक कारणले त्यो सफल हुन नसकेको उहाँको भनाइ छ । गुरुङका छोराछोरी विदेशमा हुनुहुन्छ । छोराछोरीले नै मासिकरुपमा पैसा पठाइदिने र सोही पैसाबाट बालगृहका बालबच्चाको पालनपोषण गर्न सहयोग पुगेको उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो, "कुनै सरकारी निकायको सहयोग छैन, मैले व्यक्तिगतरुपमा नै यसको व्यवस्थापन गरिरहेको छु ।" गुरुङले बालगृह व्यवस्थापनका लागि आफ्ना नाममा रहेको थुप्रै जग्गा बेचिसक्नुभएको छ । "५०/६० मुर धान उत्पादन हुने जग्गाजमिन पनि बालबाालिकाका निमित्त बेचेँ, अब पाँच/छ रोपनी खेत बाँकी छ । त्यो पनि आवश्यक परे बालबालिकाको हितमा खर्च गर्न सक्छु," उहाँले भन्नुभयो ।

८५ वर्षको उमेरसम्म पनि समाजसेवामा सक्रिय हुनुहुन्छ भन्ने प्रश्नमा उहाँले भन्नुभयो, "राम्रो काम गर्नका लागि उमेर बाधक नबन्दो रहेछ, राम्रैसँग खटिरहेको छु जस्तो लाग्छ ।" कृषि ज्ञान केन्द्र तनहुँको सहयोगमा बालगृह वरपर रहेको जग्गामा फलफूलका बिरुवा रोपण गरिएको छ । बालगृहको अवस्थाका बारेमा जानकारी पाएपछि बालबालिकालाई कृषिसँग जोड्नका लागि सुन्तला, कागती, एभोकाडो, आँप, लिचीका बिरुवा रोपिएको ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार निकट भविष्यमा तरकारी खेतीका लागि पनि सहयोग गरिनेछ ।

उहाँले भन्नुभयो, "एउटा व्यक्तिको प्रयासले बालगृह सञ्चालन गर्नु सकारात्मक काम हो । असहाय बालबालिकाका लागि सबैको सहयोग आवश्यक छ ।"

# सवा अर्बको बजेट ल्याउँदै पर्यटन बोर्ड, यस्ता छन् प्राथमिकता

रासस
काठमाडौं, ३० असार

वार्षिक १० लाख विदेशी पर्यटक भित्र्याउने योजनासहित नेपाल पर्यटन बोर्डले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि रु रु सवा एक अर्बको बजेट ल्याउने तयारी गरेको छ ।

कोरोना महामारीपछि घटेको विदेशी पर्यटकको सङ्ख्या लयमा फर्कन थालेको समयमा पर्यटन बोर्डले पर्यटन क्षेत्रलाई पूर्णरूपमा चलायमान बनाउनका लागि बोर्डले रु एक अर्ब २५ करोड बराबरभन्दा बढीको बजेट ल्याउने तयारी गरेको हो ।

बोर्डका निर्देशक मणिराज लामिछानेका अनुसार आगामी वर्षका लागि करिब रु एक अर्ब २५ करोडभन्दा बढीको बजेट ल्याउने तयारी गरिएको र उक्त बजेटमध्ये झण्डै ८० प्रतिशत अन्तर्राष्ट्रिय बजारमा पर्यटन प्रवर्द्धनमा खर्च योजना रहेका बताउनुभयो । बाँकी रकम आन्तरिक पर्यटन प्रवर्द्धन तथा पूर्वाधारमा खर्चिने बोर्डको योजना छ । "कूल बजेटको ८० प्रतिशत अन्तर ष्ट्रिय बजारिकरणमा खर्च गर्ने योजना छ । मुख्य रूपमा भारत, चीन तथा सिङ्गापुर, मलेसियालगायत दक्षिणपूर्वी एशियाली मुलुकलाई प्राथमिकतामा राखेर नेपालको पर्यटन प्रवर्द्धन गरिनेछ । पुराना गन्तव्यका रूपमा बेलायत र अमेरिकालाई पनि प्राथमिकता दिइनेछ", निर्देशक लामिछानेले भन्नुभयो । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले निकट भविष्यमै अष्ट्रेलियामा पनि सिधा उडान गर्ने योजना बनाएकाले बोर्डले अष्ट्रेलिया गन्तव्य प्रवर्द्धनको योजना बनाएको निर्देशक लामिछानेको भनाइ छ । उहाँले पछिल्लो समय अष्ट्रेलियाबाट पनि पर्यटक आगमन वृद्धि भइरहेकाले बजारीकरणलाई प्राथमिकता दिएको बताउनुभयो । बोर्डको तथ्याङ्कअनुसार सन् २०२३ को छ महिनामा चार लाख ७६ हजार विदेशी पर्यटक नेपाल भित्रिएका छन् । यो सन् २०१९ को तुलनामा ८३ प्रतिशत 'रिकभर' हो । सन् २०२० को सुरुआतदेखि कोरोना महामारी सुरु भएपछि घट्दो क्रममा रहेको विदेशी पर्यटक आगमन सन् २०२३ मा भने 'रिकभर' हुने अवस्थामा पुगेको छ ।

बोर्डका अनुसार सन् २०१९ को जनवरीदेखि जुनसम्म कूल पाँच लाख ३६ हजार ५८ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । साथै सोही अवधिमा कोरोना महामारी सुरु भएको वर्ष सन् २०२० मा दुई लाख २० हजार आठ सय १५, सन् २०२१ मा ५८ हजार ५८ र सन् २०२२ मा दुई लाख ४० हजार नौ सय एक जना विदेशी पर्यटक नेपाल आएका थिए । यस वर्षको जनवरीदेखि जुनसम्म नेपाल भित्रिने विदेशी पर्यटकको सङ्ख्या गत वर्षको तुलनामा ९७ दशमलव ७९ प्रतिशतले बढी हो भने सन् २०१९ को तुलनामा १६ दशमलव ९३ प्रतिशतले कम हो । अघिल्ला महिनामा पनि भारत, अमेरिका, चीन, बङ्गलादेश, अष्ट्रेलियालगायत मुलुकबाट बढी पर्यटक नेपाल भित्रिएको बोर्डले उल्लेख गरेको छ ।

यसैबीच बोर्डले आगामी आवको बजेटबारे हालै निजी क्षेत्रसँग छलफल गरेको छ । छलफलमा पर्यटन क्षेत्रसँग सम्बन्धित संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले बोर्डको बजेट डिजिटाइजेशनलाई जोड दिँदै कार्यान्वयन हुने खालको बजेट ल्याउन सुझाव दिएका थिए ।

होटल सङ्घ नेपाल (हान), प्यासिफक एशोसिएशन अफ ट्राभल एजेन्ट (पाटा) ट्रेकिङ ऐजेन्सिज एशोसिएशन अफ नेपाल (टान) नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्सिज (नाटा), नेपाल रफ्टिङ एजेन्सिज (नारा) नेपाल माउण्टेनियरिङ एशोसिएशन (एनएमए) एनटीभिए, एनटीबीए, सोह्रो, लयायतका संस्थाबाट प्राप्त सुझावका आधारमा प्राथमिकता निर्धारण गरिएको बोर्डको भनाइ छ ।

# अझै हुन सकेन 'हरियो वन, नेपालको धन'

-हरिप्रसाद बास्तोला
गण्डकी, ३० असार (रासस)

'हरियो वन, नेपालको धन' भन्ने गरेको वर्षौं भइसकेको छ । तर पनि वन जङ्गलबाट पाउनुपर्ने लाभ प्राप्त भएको छैन । जङ्गलमा ठूलो सङ्ख्यामा काठ कुहिने गरे पनि सर्वसाधारणहरू बजारमा विदेशबाट आएका काठ तथा फर्निचरसँगै आल्मुनियम, युपिभिसी एवम् फलामको प्रयोग गर्न बाध्य छन् ।

विदेशी काठ एवम् आल्मुनियम र युपिभिसीको प्रयोग अधिकांश उपभोक्ताका लागि रहर नभएर बाध्यता बनेको छ । वन ऐन तथा यससँग जोडिएका नियम तथा नियमावलीहरू नै 'हरियो वन नेपालको धन' भन्ने नाराको विपरीत समस्याका रूपमा आएको वनविज्ञ डा नयाँ पौडेल शर्मा बताउनुहुन्छ । उहाँका अनुसार स्वदेशी काठ वनमै कुहिएर खेर जाने गरेको छ भने पछिल्लो तथ्याङ्कले नेपालमा चीन, भारत, मलेसिया लगायतका विभिन्न मुलुकबाट वार्षिक खर्बौं रुपैयाँको काठ एवम् काठजन्य सामग्री भित्रिने गरेको तथ्याङ्क छ । "मुलुकका सामुदायिक वन तथा सरकारद्वारा संरक्षण वनका साल लगायतका विभिन्न काठमा प्रयोग हुने रूखहरू उपयोगका लागि उपयुक्त छन्", उहाँले भन्नुभयो, "परिपक्व भएका सम्पूर्ण रूखहरू निकालेर प्रयोग गर्दै एउटा रूख निकालेबापत १० वटा बिरुवा रोप्ने अभियान सञ्चालन गर्ने हो भने वन क्षेत्र घटने होइन वृद्धि नै हुन्छ ।"

सामुदायिक वनको काठ निकासीमा झन्झटिलो नीतिगत व्यवस्था, ढुवानीको कारण महङ्गो पर्ने हुँदा वन पैदावारमा आधारित उद्योगले काठ खरिद गर्न नसक्ने अवस्था रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "वनलाई समृद्धिसँग जोड्नका लागि सरकार, निजी क्षेत्र र सामुदायिक वन उपभोक्ताको समन्वय र सहकार्य अपरिहार्य छ । रूख काटेर जङ्गल सकिँदैन, योजनाबद्ध रूपमा वैज्ञानिक एवम् प्रविधियुक्त व्यवस्थापन गर्ने हो भने वातावरणमैत्री तथा कार्बन सञ्चितिमा वृद्धि हुनाका साथै काठलगायतका वन पैदावार निकासीबाट विदेशी मुद्रा आम्दानीको राम्रो आधार बन्न सक्ने उहाँको भनाइ छ ।

सगरमाथा र बुद्धजन्म भूमिकासँगै पछिल्लो समयमा नेपाल विश्वसामु सामुदायिक वनको रूपमा परिचित बन्न सफल भएको शर्माले बताउनुभयो । दिगो वन व्यवस्थापनको नीति अङ्गीकार गर्दै प्राकृतिक स्रोतलाई भरपुर उपयोग गर्नेतर्फ लाग्ने हो भने मुलुकलाई काठमा आत्मनिर्भर बनाउँदै हरित रोजगार सिर्जना गर्न सकिने उहाँको तर्क छ । "वन क्षेत्र संरक्षणमुखी मात्र होइन समृद्धिको आधार बन्न सक्नुपर्दछ", उहाँले भन्नुभयो, "तर विडम्बना कूल भूभागको ४५ प्रतिशतको हाराहारीमा विस्तार भएको वन क्षेत्रको प्रतिफल भने न्यून रहेको छ ।"

वन फँडानीका कारण उजाड भएको वन क्षेत्रको संरक्षण र विकासमा स्थानीय बासिन्दालाई जिम्मा दिएसँगै सामुदायिक वनको अवधारणा मुलुकका लागि कोशेढुङ्गा साबित भएको राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका सदस्यसचिव डा सिन्धु ढुङ्गाना बताउनुहुन्छ । सन् २०१९ मा गरिएको एक अध्ययनका अनुसार नेपालको कूल वन क्षेत्रबाट वार्षिक १२ करोड क्युफिट काठ उत्पादन गर्न सकिन्छ । नेपालको बजारमा छ करोड क्युफिटको हाराहारीमा काठको माग रहेको छ । आवश्यकता पूरा गरेर बाँकी छ करोड क्युफिट काठ निकासी गर्ने हो भने पनि सरकारी दरका आधारमा वार्षिक अर्बौं रुपैया आम्दानी गर्न सकिने वर्तमान अवस्थामा वन क्षेत्रको हैसियत रहेको सदस्य-सचिव ढुङ्गानाको भनाइ छ ।

विभिन्न प्रतिवेदनअनुसार नेपालमा वन क्षेत्र बढेको देखिएको छ । प्रतिवेदनले कूल वन क्षेत्रमध्ये ५९ लाख ६२ हजार हेक्टर अर्थात् ४०.३६ प्रतिशत भूभाग वन र छ लाख ४८ हजार हेक्टरमा ४.३८ हेक्टर अन्य काठ तथा बुट्यान क्षेत्रले ओगटेको छ । वन क्षेत्रमा काठ मात्र होइन, महत्वपूर्ण जडीबुटी सङ्कलन र प्रशोधन हुन नसक्दा मुलुकले वार्षिक आम्दानीको ठूलो हिस्सा गुमेकामा चिन्ता व्यक्त गर्दै डा. ढुङ्गाना भन्नुहुन्छ, "कानुनी प्रक्रिया मिलाएर सबै खाले वन पैदावार सहजरूपमा उपयोग गर्ने नीति तय गरि हरियोवनलाई आयआर्जन र रोजगारसँग जोडिनुको विकल्प छैन ।" उपभोक्ताको ठूलो मेहनत र योगदानबाट मुलुकमा वन क्षेत्रको हैसियतमा वृद्धि भएको छ । यसलाई उपयोग गर्दै हरियो वनलाई धनमा परिणत ढिलो भइसकेको सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष ठाकुर भण्डारी बताउनुहुन्छ । पाँच दशकअघि स्विडेनको स्टकहोममा सम्पन्न विश्व वातावरण सम्मेलनले नेपालको वन विनासको विषयलाई लिएर चिन्ता व्यक्त गरिएको स्मरण गर्दै उहाँले भन्नुभयो, "वनको संरक्षणको जिम्मा सरकार र कर्मचारीबाट भन्दा सम्बन्धित स्थानीय समुदायलाई दिएमा विनास रोकिने निस्कर्षबाट नेपालमा सामुदायिक वनको प्रक्रियाको थालनी भएको भुल्न हुँदैन ।" यतिखेर वन क्षेत्र हराभरा बनेको छ, कसरी भयो भन्ने कुरामा विगतलाई स्मरण गर्नुपर्नेमा जोड दिँदै उहाँले वातावरण संरक्षणका साथै भूमाफियाबाट सार्वजनिक जमिनको समेत संरक्षण गर्न महत्वपूर्ण योगदान रहेको छ योगदानको उच्च मूल्याङ्कन गर्ने बेला आएको बताउनुभयो । हरियो वन नेपालको धन भन्ने नारालाई व्यवहारमा उतार्नका लागि तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष ठाकुरले भन्नुभयो, दृढ इच्छाशक्तिका साथ काठ तथा जडीबुटीको संरक्षणसहित सङ्कलन तथा निकासीमा सरल नीति निर्माण गर्ने हो भने मुलुकलाई काठमा आत्मनिर्भर बनाउँदै बाँकी रहेको वन पैदावार निकासी गरेर मनग्ये आम्दानीको स्रोत बनाउन सकिन्छ । विषम परिस्थितिबाट शुरु भएको सामुदायिक वनको अवधारणाका आधारमा मुलुकमा यतिखेर २२ हजार चार सय १५ वन समूहका २९ लाख २७ हजार तीन सय २९ घरधुरीले २२ लाख ७२ हजार तीन सय ५६ हेक्टरभन्दा बढी वन व्यवस्थापन गर्दै आएका छन् । अध्यक्ष भण्डारी भन्नुहुन्छ, "संरक्षण, प्रवर्द्धन र विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका उपभोक्ताले अहोरात्र खटिएर सन्तानलाई जस्तै माया गरेर हुर्काएको वन मुलुकको धन बन्न नसकेकामा यतिखेर उनीहरूमा निराशा पैदा भएको छ ।" वन क्षेत्रको हैसियत वृद्धि गर्दै निरन्तर आम्दानीको स्रोत बनाउन सकिने आधार भनेको दिगो वन व्यवस्थापन भएको बताउँदै उहाँले थप्नुभयो, "हरियो वन नेपालको धन बन्न नसक्नु वनसम्बन्धी नीति र विनियम एवम् सरोकारवालाको सोच नै बाधक हुन् ।"

वनको क्षेत्र बढ्दै जाँदा वन्यजन्तुको सङ्ख्यामा समेत वृद्धि भएको छ, नेपालको कानुनले मान्छेभन्दा जङ्गली जनावरलाई चिन्ने गरेको बताउँदै उहाँले वन्यजन्तुको उचित व्यवस्थापन हुन नसक्दा पछिल्लो समय प्रत्येक वर्ष वनमा डढेलो लगाउने प्रचलन ह्वात्तै बढ्दा वन विनास, जनावर र वातावरणमा समेत ठूलो प्रभाव गर्ने गरेको स्पष्ट पार्नुभयो । "वनमा काठ मात्र होइन अन्य प्रचुर सम्भावना छन्", अध्यक्ष भण्डारीले भन्नुभयो, "सम्भाव्यता अध्ययनका आधारमा समूहमार्फत जडीबुटी, कृषि, उद्यम एवम् पर्या-पर्यटनको विकास बिना हरियो वन धनमा परिणत हुन सक्दैन ।"

सामुदायिक वनलाई मुलुकको समृद्धिसँग जोड्नेतर्फ भन्दा पनि सरकार संरक्षण क्षेत्र विस्तारमा केन्द्रित हुँदा प्राकृतिक स्रोतको उचित व्यवस्थापन हुन नसकेको बताउँदै उहाँले उपभोक्ता तथा तीनै तहका सरकारको संयुक्त प्रयासबाट वन क्षेत्रलाई परिणाममुखी योजना ल्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो । सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका पूर्वअध्यक्ष एवम् अन्तर्राष्ट्रिय सामुदायिक वन सञ्जालका संयोजक घनश्याम पाण्डेले आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थासँगै वन समूहको चाहनाका आधारमा कार्ययोजना बन्नुपर्दछ । वन क्षेत्रको वृद्धिसँगै बढेको झाडी बुट्यान क्षेत्रलाई उत्पादनमूलक बनाउन ढिलो भइसकेको छ यस क्षेत्रसँग जोडेर कृषि वन, फर्निचर उद्योग, जडीबुटी प्रशोधन, पर्या-पर्यटन, कार्बन व्यापारलगायतका विभिन्न उद्योग सञ्चालन गरेर हजारौं रोजगार सिर्जना गर्न सकिने आधार रहेको उहाँको भनाइ छ । तीव्र रूपमा बढेको एपी ग्याँसको प्रयोगको कारण दाउराको उपयोग कम भएको वर्तमान अवस्थामा मुलुकका सातवटै प्रदेशमा एक/एक मल कारखाना स्थापना गर्न सकिन्छ । वन क्षेत्रमा रहेका काठ र दाउरा समेतलाई सिजनिङ गर्दै आवश्यकताअनुसारका आकारका काठ उत्पादन गर्न सक्ने हो भने सर्वसुलभ मूल्यमा काठका सामग्री तयार हुने र उपभोक्ताले युपिभिसी, आल्मुनियम र फलामलाई विस्थापित गर्न सकिने खालको प्रदेश वन ऐन निर्माण हुनुपर्नेमा यस क्षेत्रका विज्ञहरूको धारणा रहेको छ ।

# त्रिशक्ती दुर्गा भगवती मन्दिर परिसरमा शिवजीको मूर्ति प्राण प्रतिस्थापन

पोखरापत्र संवाददाता
पोखरा, ३० असार

पोखरा महानगरपालिका ११ जयकोट सामुदायिक वन भित्र कार्की डाडामा रहेको त्रिशक्ति दुर्गा भगवती मन्दिर परिसरमा शिवजीको मूर्ति प्राण प्रतिस्थापन गरिएको छ ।

शनिवार मन्दिर परिसरमा महादेवको मुर्तिलाई प्राण प्रतिस्थापन गरिएको हो । पोखरा महानगरपालिका १२ चापापानी निवासी मान कुमारी कार्कीले स्वर्गीय सासु ससुरा मनवीर कार्की तथा धर्मपत्नी स्वः सिर कुमारी कार्कीको स्मृतिमा सात लाख सात हजार चार सय अठासी रुपियाको सयोगमा मन्दिरमा मुर्तिको प्राण प्रतिस्थापन गरिएको हो । त्यस अवसरमा नव निर्मित महेश्वराय महादेव शिवजीको मन्दिर अक्षयकोषको लागि मान



कुमारी कार्की, चन्द्र कुमारी कार्की, गंगा कुमारी कार्की तथा बन्दना के.सी.ले एकाउन्न हजारका दरले तथा स्वर्गीय मनवीर कार्कीका ज्वाइ नातिनीहरुबाट समेत गरी तिन लाख छतीस हजार छ सय बैसठी रुपिया अक्षयकोषको लागि मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पुर्व एस पि नरेश वहादुर कार्कीलाई हस्तान्तरण गरीएको थिए । त्रिशक्ती दुर्गा भगवती मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पुर्व एस पि नरेश वहादुर कार्कीले यस क्षेत्रलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्ने लक्ष्य रहेको बताउदै मन्दिरको विकासको लागी सयोग गर्ने सवैमा धन्यवाद प्रकट गरे । शिवजीको मूर्ति प्राण प्रतिस्थापन गर्नु अघि भजन किर्तन सहित गण्डकीमा शिलालाई स्नान गराई विधिवत रुपमा पूजा गराई भक्तजनहरुको उपस्थितिमा मुर्तिको प्राण प्रतिस्थापन गराइएको थियो । बिशेष गरि त्रिशक्ती दुर्गा भगवतीको पूजा आराधना हुने सो मन्दिरमा यसअघि पनि बिभिन्न देवि देवताहरुको प्राण प्रतिस्थापन गरिसकेका छन् । सो मन्दिरमा बिशेषगरि बडादशैंको बेलामा भक्तजनहरुको भिड लाग्ने गर्दछ ।

# पोखरा-मुग्लिन सडक आयोजनाको पोखरा खण्डको काम बढाउन छलफल

पोखरापत्र संवाददाता
पोखरा, ३० असार

पोखरा-मुग्लिन सडक विस्तार आयोजनाको पोखरा खण्डको काम अगाडि बढाउने सम्बन्धमा पोखरा महानगर प्रमुख धनराज आचार्य र एशियाली विकास बैंक (एडिबी)को टोलीबीच शुक्रबार छलफल भएको छ ।

छलफलमा एडिबीका निर्देशक सल्लाहकार मोहम्मद जाविव र मिसन लिडर सिनवाङ चाङ (एन्जल) लगायतको सहभागिता थियो । टोलीमा परियोजना निर्देशक चूडाराज ढकाल, यातायातविज्ञ भूपेन्द्र भट्ट, परियोजना विश्लेषक प्रमोद पुडासैनीरआयोजनाव्यवस्थापक (पोखरा खण्ड) अमितकुमार श्रेष्ठलगायतको उपस्थिति थियो । भेटमा पोखरा-मुग्लिन सडक विस्तार आयोजनाको पोखरा खण्डमा काम अगाडि बढाउने विषयमा छलफल भएको प्रमुख आचार्यले बताउनुभयो । महानगरपालिकाको तर्फबाट यस खण्डमा काम अगाडि बढाउन कुनै समस्या नरहेको र काम गर्दै गर्दा कुनै प्रकारको समस्या देखिए त्यसको तत्काल समाधानका लागि महानगरपालिका प्रतिबद्ध रहेको उहाँले जानकारी गराउनुभयो । "अहिले हामीले पोखरा खण्डको राइट अफ वे खाली गराउने काम सम्पन्न गरिसकेका छौं", उहाँले भन्नुभयो, "अभियानकै रूपमा सडकको मापदण्ड खाली गराउने काम गरिएको हो, अब केही स्थायी संरचना हटाउन बाँकी छ, मुआब्जाको प्रक्रिया सकिना साथ ती सबै संरचना तत्काल हटाइनेछ ।" हाल काम अघि बढाउनका लागि वातावरण तयार गरिएको र काम अघि बढाउन एडिबीको टोली सकारात्मक देखिएको प्रमुख आचार्यले बताउनुभयो । एसियाली विकास बैंकको सहयोगमा विस्तार गरी चार लेनको बनाउन लागिएको सडक आयोजनाको मापदण्डअन्तर्गत पोखरा खण्ड ४६ मिटर चौडाइको हुनेछ । सेती नदीमा हाल भएको पुलभन्दा माथि र तल दुई/दुई लेनको दुइटा पुल बनाउन रु एक अर्ब सात करोडमा नेपाली कम्पनी रसुवा कन्स्ट्रक्सनले ठेक्का पाएको छ भने, सेती पुलबाहेक राजमार्गको पश्चिम खण्डमा चारवटा ठूला र १२ साना पुल बन्नेछन् ।

# काठेपुल जीर्ण भएपछि यातायात अवरुद्ध

पोखरापत्र संवाददाता
मनाङ, ३० असार

हिमाली जिल्ला मनाङको चामे गाउँपालिका-१ तिमाङ खोलाको काठेपुल जिर्ण भएपछि यातायात अवरुद्ध छ । विसं २०७८ असार १ गते आएको बाढीले मोटरबेल पुल भत्किएपछि बनाइएको काठेपुलको काठ कुहिएपछि यातायात अवरुद्ध भएको हो ।

प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुङ्गेल खनालले मोटरबेल पुल निर्माणका लागि विस्तृत योजना प्रतिवेदन तयार गरिएको जानकारी दिनुभयो । "अहिलेका लागि यातायात सञ्चालन गर्न आवश्यक छ, काठकै पुल निर्माण गरी यातायात सञ्चालन गर्नुपर्छ", उहाँले भन्नुभयो । मोटरेबल पुल निर्माणको प्रक्रिया द्रुत गतिमा अघि बढाइएको उहाँको भनाइ छ । डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयका अनुसार तनहुँ, लमजुङ र मनाङ गरी तीन जिल्लामा १५ मोटरेबल पुलको ठेक्का दिने तयारी छ । मनाङमा नौवटा मोटरेबल पुल निर्माण हुने योजना कार्यालयका प्रमुख रवीन्द्र दासले जानकारी दिनुभयो । ठेकेदारले समयमै काम नगर्दा पुल निर्माणको काममा गति लिन नसकेको उहाँको भनाइ छ । वार्षिक रूपमा विनियोजित बजेट 'फ्रिज' हुने गरेको छ ।

"बजेट फ्रिज हुन नदिन ठेकेदारलाई कडाइ गरिएको छ", दासले भन्नुभयो । मनाङमा मोटरेबल पुल निर्माणको काम समयमा नहुँदा वर्षैपिच्छे काठको पुल निर्माण गर्दा यहाँ राज्यको दोहोरो लगानी हुने गर्दछ । सामान्यतया कम्तीमा एउटा काठको पुल निर्माण गर्दा रु तीन लाखसम्म खर्च हुने गरेको प्रमुख दासले बताउनुभयो । बर्खामा तत्कालका लागि अस्थायी रूपमा काठको पुल निर्माण गर्ने गरिएको छ । "बिस्तारै जिल्लालाई काठेपुलरहित बनाउँदै छौं", उहाँले भन्नुभयो ।

# म्याग्दीमा नौ झोलुङ्गे पुल निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ३० असार

म्याग्दी जिल्लामा चालु आर्थिक वर्ष २०७९/८० मा नौ झोलुङ्गे पुल निर्माण भएको छ ।

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (स्वाप), टिबिएसयु, स्थानीय तह, समुदाय र गैरसरकारी संस्था मिलन म्याग्दीको साझेदारीमा थप नौ वटा झोलुङ्गे पुल निर्माणाधीन छन् । टिबिएसयुमार्फत स्थानीय तहले प्राप्त गर्ने बजेटबाट सामाजिक तथा प्राविधिक सहयोग गर्ने गरी मिलनलाई झोलुङ्गे पुल निर्माण गर्ने जिम्मा दिने गरिएको छ ।

मिलन म्याग्दीका कार्यकारी निर्देशक दिलमायाँ बिटालुका अनुसार निर्माण सकिएका र निर्माणाधिन पुलको कूल लागत रु सात करोड ४३ लाख ९२ हजार आठ सय ९२ रहेको छ । "निर्माणाधीन र सम्पन्न भएका पुलबाट पाँच हजार तीन सय २१ घरधुरीका १५ हजार सात सय ४५ जनसङ्ख्या लाभान्वित हुनेछन्", उहाँले भन्नुभयो, "उपभोक्ता समितिमार्फत पुल निर्माण हुने गरेको छ ।" मालिका गाउँपालिकामा पाँच, रघुगङ्गा गाउँपालिका र बेनी नगरपालिकामा दुई/दुई वटा पुल निर्माण सकिएका छन् । यसैगरी मालिका, धौलागिरि र अन्नपूर्णमा दुई/दुई, मङ्गला, रघुगङ्गा गाउँपालिका र बेनी नगरपालिकामा एक/एक वटा पुल निर्माणाधीन छन् ।

मालिका गाउँपालिका-५ को सांगाखोलामा १०० मिटर, मालिका-४ सिस्नेरीको भातीखोलामा ५८ मिटर, मालिका-४ को घोर्सीखोलामा ५८ मिटर, मालिका-४ छिपानजाखोलामा ५८मालिका-७कोशिवरात्रिखोलामा ११४ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको छ । रघुगङ्गा-१ को ओकिलाखोलामा ४२ मिटर र रघुगङ्गा-८ को रघुगङ्गा खोलामा ९० मिटर लामो पुल निर्माण भएको छ । बेनी नगरपालिका-३ को चिनाखेत खोलामा २८ मिटर र ठुलोखोलामा ३२ मिटर लामो ट्रस प्रविधिको पुल निर्माण भएको छ । मालिका-४ को दाजुङखोलामा ७० मिटर लामो पुलको ३० प्रतिशत, वडा नम्बर ६ को म्याग्दीखोलामा एक सय १४ मिटर लामो पुलको ८० प्रतिशत, मङ्गला गाउँपालिका-५ को पिपलको म्याग्दी खोलामा ७३ मिटर पुल निर्माणको काम ६५ प्रतिशत सकिएको छ ।

अन्नपूर्ण गाउँपालिका-को दोविल्लाखोलामा ६० मिटर र ठुलोखोलाको ६४ मिटर लामो पुलको निर्माण कार्य ६५/६५ प्रतिशत सकिएको छ । रघुगङ्गा गाउँपालिका-८ को कोसेराखोलामा ३२ मिटर र बेनी नगरपालिका-७ को म्याग्दीखोलामा ४६ मिटर, धौलागिरि गाउँपालिका-७ को म्याग्दी खोलामा एक सय एक र वडा नम्बर ४ को खोलाखर्क खोलामा एक सय १२ मिटर लामो पुल निर्माणको काम ३०/३० प्रतिशत सकिएको छ । झोलुङ्गे पुल निर्माण भएपछि खोलामा जोखिमपूर्ण र घुमाउरो बाटोको यात्रा गर्नुपर्ने बाध्यता हटेको, बाटोको दूरी छोटिएको, स्थानीयवासीका साथै विद्यार्थीलाई पनि सुविधा पुगेको मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताउनुभयो । झोलुङ्गे पुलको क्षेत्रमा १८ वर्षदेखि काम गरिरहेको मिलन म्याग्दीको अभिलेखअनुसार जिल्लाभर दुई सय ८३ झोलुङ्गे पुल छन् ।

# मनाङमा मितेरी पर्व मनाइयो

पोखरापत्र संवाददाता
मनाङ, ३० असार

हिमाली जिल्ला मनाङमा छेटु अर्थात् मितेरी पर्व मनाइएको छ । भ्रातृत्व, दिदीबहिनीका साथै आफन्तमा एकता कायम गराउने पर्वका रूपमा मितेरी पर्व मनाउने गरिन्छ ।

यो पर्व विशेषतः महिलाको संलग्नतामा असार २० गतेदेखि मनाउने चलन छ । चार/पाँच दिनसम्म गुफामा बसोबास गरी पूजाआजा गर्ने र दुई दिन मितेरी लगाउने चलन छ । छेटु मेला सकिएपछि मितेरी लगाउने चलन छ । गुफामा पुगेर आमा समूहको सक्रियतामा कार्यक्रम आयोजना गरिन्छ । मरेपछि पनि छिटो भेटिने विश्वासका साथ मितेरी तथा गुफामा पूजाआजा गर्ने चलन रहेको स्थानीय माया गुरुङले बताउनुभयो । मनाङ डिस्याङ गाउँपालिका-५ भ्राकास्थित मिलेरेपा गुफामा लामाले ग्रन्थ पढेर पूजापाठ गरी मितेरी लगाउने गरिएको स्थानीय कर्मा छिरिङ गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार तत्कालीन सात गाउँ वा मनाङ डिस्याङ गाउँपालिकाको सबै वडाका स्थानीयको सहभागितामा पर्व मनाइँदै आएको छ । छेटुमा मेला हेर्न र मितेरी गाँस्नका लागि जिल्लावासीको उल्लेख्य सहभागिता रहने गरेको छ ।

नाचगानसहित यो पर्व मनाउने चलन रहेको छ । गुफामा नाचगानसहित लामाले ग्रन्थ वाचन गरी लुगाकपडालाई पुजेर सकाएपछि मितेरी लगाउने कार्य प्रारम्भ हुने गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "लामाले पुजा सकाएपछि पुज्न राखेको दुई जनाको कपडा उचाल्दा जसको कपडा भागमा पर्छ, उसैसँग छेटु वा मितेरी लगाउने गरिन्छ ।" भगवान्लाई पुजेर नै मितेरी गाँसेर एकापसको सम्बन्ध जोडिन्छ । यसरी मितेरी साइनो गाँसिदा सम्बन्धमा प्रगाढता कायम रहने उनीहरूको विश्वास छ । मित्रताको प्रतिकका रूपमा मिलेरेपा गुफालाई लिइन्छ । परापूर्वकालमा राजाले सिकार खेल्दै जाँदा मिलेरेपासँग भेट भएर हत्या, हिंसाको अन्त्य गर्न सफल भएको किम्वदती छ ।